पुथा उत्तरगङ्गा गाउँपालिका
गाउँ कार्यापालिका बैठकको प्रस्ताव एवं निर्णयहरु
बैठक सङ्ख्याः ६०, बैठक मितिः २०८३।०७।३० गते

क्र.स.	प्रस्तावहरु	निर्णयहरु	कै.
१	**अघिल्लो बैठकको निर्णयहरूको समीक्षा तथा कार्यान्वयन सम्बन्धमा ।**	यस गाउँ कार्यपालिकाको ५९ औं कार्यपालिका बैठकमा भएका विभिन्न निर्णयहरू कार्यान्वयनको समीक्षात्मक छलफल र कार्यान्वयको लागि आवश्यक कार्य गर्नेतर्फ अग्रसर हुने निष्कर्षका साथ सदस्यहरूको गणपूरक सङ्ख्या पुगेकोले ६० औं कार्यपालिका बैठक प्रारम्भ गरियो ।	
२	**नियमित कार्यालय सञ्चालन सम्बन्धमा ।**	दशै तिहारको बिदा लगत्तै मंसिर १ गते देखि पुथा उत्तरगङ्गा गाउँपालिका कार्यालयको नियमित कार्यालय सञ्चालन गरी सेवा प्रवाहमा सहजता कायम गर्न प्रमुख प्रशासकीय अधिकृत मार्फत सम्पूर्ण शाखामा निर्देशन दिने निर्णय गरियो ।	
३	**योजनाहरुको कार्य सञ्चालन सम्बन्धमा**	पुथा उत्तरगङ्गा गाउँपालिकाको आर्थिक वर्ष २०८३।०८४ को वार्षिक बजेटको समय भित्रनै कार्य सम्पन्न गर्ने गरी सम्पूर्ण योजनाहरुको मंसिर महिना भित्र प्राविधिक सर्वे गरी ठेक्का प्रक्रिया तथा उपभोक्ता समितिलाई कार्याआदेश दिने गरी कार्य गर्न प्रमुख प्रशासकीय अधिकृत मार्फत भौतिक पूर्वाधार शाखा र योजना शाखालाई निर्देशन दिने निर्णय गरियो ।	